लागू औषधनियन्त्रण ब्यूरो
Narcotics ControlBureau
कोटेश्वर,काठमाडौं

# प्रेस विज्ञप्ती- १५१
# Press Release- 151

मिति २०७२।१२।०४ गते ।

## अवैध तथा नियन्त्रित लागू औषध सहित जम्मा ५ जना मानिस पक्राउ

१. यस लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको विशेष प्रहरी टोलीले मिति २०७२।१२।०३ गते अन्दाजी १६:३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं. ९ स्थित गौशालाबाट का.जि.का.म.न.पा.वडा नं.९ बत्तिसपुतली घर भएका बर्ष ४६ को सुरज बिक्रम राणा र जि.पर्सा विरगंज उ.प.न.पा.वडा नं. ३ घर भई हाल का.जि. गुहेश्वरी बस्ने बर्ष ३० को संजय दत्तलाई नियन्त्रितलागू औषधबुप्रेनोर्फिन (नुफिन) ५८० एम्पुल, डाईजेपाम (डाईजेल्याब) ५६४ एम्पुल, फेनारगन ५६४ एम्पुल सहित पक्राउ गरीएको । प्रारम्भिक अनुसन्धान गर्दा निजले रक्सौल निवासी राहुल भन्ने व्यक्ति बाट खरिद गरी काठमाण्डौमा बिक्री वितरण गर्ने बुझिएको ।

२. **नियन्त्रित लागू औषध एम्पुलहरु सहित २ जना पक्राउ**

मिति २०७२।१२।०५ गते अन्दाजी १०:०० बजेको समयमा जिल्ला ललितपुर उ.म.न.पा.कुपण्डोल स्थितमा सगैसाथ रहेको अवस्थामा जिल्ला दोलखा खारे गा.वि.स.वडा नं.८ घर भई हाल ललितपुर गाहवहाल वस्ने बर्ष २६को रोशन नेवार र जिल्ला ललितपुर उ.म.न.पा.वडा नं.२०वस्ने रविन्द्र शाक्यलाई नियन्त्रितलागू औषधबुप्रेनोर्फिन (नुफिन) ७० एम्पुल, डाईजेपाम (डाईजेल्याब) ७० एम्पुल, फेनारगन ६८ एम्पुल सहित पक्राउ गरीएको ।

निज रोशन नेवारले विरगंज वस्ने छोटु भन्ने संग ३०० रुपैयाको दरले खरिद गरी १२ सयमा काठमाण्डौमा दुर्व्यशनिहरुलाई बिक्री गर्ने गरेको । निजहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान कार्य भई रहेको ।

३. **नियन्त्रित लागू औषध एम्पुलहरु सहित १ जना पक्राउ**

मिति २०७२।१२।०४ गते अन्दाजी १६:०० बजेको समयमा का.जि.का.म.न.पा.१५डल्लु स्थित बाट जिल्ला ललितपुर उ.म.न.पा.वडा नं.२०घर भई हाल का.जि.का.म.न.पा.१५ डल्लु बस्ने बर्ष ३३को सुभाष शाक्यलाई नियन्त्रितलागू औषधबुप्रेनोर्फिन (नुफिन) २० एम्पुल, डाईजेपाम (डाईजेल्याब) २० एम्पुल, फेनारगन २० एम्पुल सहित पक्राउ गरीएको ।

उक्त बरामद भएको नियन्त्रित लागू औषध तथा मनोद्विपक पदार्थ (Narcotic and psychotropic substances) हालको अवैध बजार मूल्य अनुमानित जम्मा रु. ७,६१,०००/- रहेको निजहरुलाई लागू औषध ऐन २०३३ अनुसार कारवाही अगाडी वढाईएको ।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ईमेल : ncbnepal@gmail.com


नाम ÷ सुरज विक्रम राणा (४६) वर्ष
बुवा ÷ रोहित विक्रम राणा
मुद्दा ÷ बुप्रेनाफिन (नुफिन) ५६३ पिस
डाईजेल्याब ५५६, फेनारगन ५५६ पिस
मिति ÷ २०८२।१२।०२ गते
वतन ÷ काठमाण्डौं। वडा नं. ३४ भई हाल
का. म. पा. वडा नं. ९ घर हुने ।


नाम ÷ संजय दत्त (३०) वर्ष
बुवा ÷ सगिर दत्त बङ्गाली
मुद्दा ÷ बुप्रेनाफिन (नुफिन) 6 पिस
डाईजेल्याब 6, फेनारगन 6 पिस
मिति ÷ २०८२।१२।०२ गते
वतन ÷ पर्सा जिल्ला विरगंज उपमहा-
नगरपालिका वडा नं. ३


प्रतिवादी सुरज विक्रम राणाको
साथबाट बरामद भएको नियन्त्रित
ला. औ. बुप्रेनाफिन (नुफिन) ५६३,
डाईजेल्याब ५५६, फेनारगन ५५६
पिस एम्पुलहरु ।